नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
**यान्त्रिक कार्यालय, साँफेबगर, अछाम (हालः बुडर, डोटी)**
*सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना*

दरभाउपत्र सूचना नं :- **SQ:MOSANFEBAGAR/081/82-01**

प्रथम पटक प्रकाशित मिति :- २०८१/०५/१५

यस कार्यालयको चल अचल सम्पत्तिको चौविसै घण्टा कार्यालय परिसरमा सुरक्षा प्रदान गर्न सुरक्षा गार्ड ३ (तीन) जनाको कार्य करारवाट गराउनु पर्ने हुंदा सो काम करार सेवामा गर्न इच्छुक इजाजत पत्र, मूल्य अभिविद्धि कर र आयकर लगायत करचुक्ता प्रमाणपत्र प्राप्त फर्म, कम्पनी वा संस्थाबाट सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ । शर्तनामा सहितको दरभाउ पत्र फारम रु.१,०००।०० (एक हजार) पछि फिर्ता नहुने गरी यस यान्त्रिक कार्यालयको कोड नं ३३७०१७७०६ राजश्व शिर्षक नं १४२२९ मा जम्मा गरि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र शर्तनामा सहितको दरभाउ पत्र खरीद गर्न सकिनेछ । साथै दरभाउपत्र Website http://www.mobudar@dor.gov.np बाट पनि download गरी प्राप्त गर्न सकिनेछ । दरभाउपत्र पेश गर्न चाहने फर्म/कम्पनीले दरभाउपत्र सम्बन्धी अन्य कागजातका अतिरिक्त दस्तुर रकम जम्मा गरी सक्कलै भौचर दरभाउ पत्रसाथ पेश गर्नुपर्नेछ । खरिद गरिएको दरभाउपत्र रित पूर्वक स्पष्ट संग भरि कार्यालयमा दर्ता गर्न चाहनेले खाममा शिलवन्दी गरि यो सूचना प्रथम पटक प्रकाशित मितिले १६ औं दिन दिनको दिउँसो १२ बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिने छ । दर्ता भएका दरभाउपत्रहरु सोहि दिन दिनको २ बजे यसै कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन । दरभाउ पत्रसाथ धरौटी बापत रकम रु.२५०००.०० (अक्षरुपी पच्चिस हजार मात्र) कोष तथा लेखा नियन्त्रक कार्यालय, धनगढी, कैलालीको नाममा रा.बा.बैंक धनगढी शाखामा रहेको ४१७०१००१०२०३०००० धरौटी खातामा यस कार्यालयको कोड नं.३३७०१७७०६ बाट नगदै जम्मा गरेको सक्कलै भौचर पेश गर्न पर्नेछ । दरभाउ पत्र फारम खरिद गर्ने, सिलवन्दी दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्य भोलिपल्ट कार्यालय खुलेको दिन उपरोक्त तोकिएको समयमा सम्पन्न हुनेछ । दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

कार्यालय प्रमुख